## Introduction

Enhanced Vocational Education and Training (EVENT) Project, funded jointly by the Government of NEpal (GON) and World Bank (WB), has been started with the aim of expanding the supply of skilled and employable labor by increasing access to quality training programs, and by strengthening the technical and vocational educationa dn training system in Nepal. As per the agreement signed between the GON and WB, the project will be implemented from July 2011 to October 2015. The project focuses on increasing access to technical education and vocational training (TEVT) programs for the disadvantaged youths-especially those who are poor, living in lagging regions, females, *Dalits*, marginalized *Janajatis* and people with disability through targeting and other inclusive processes.

## Objective

The main objective of the project is to expand the supply of skilled and employable labor by increasing the access to quality training programs and by strengthening the technical
and vocational education and training system in Nepal.

## Project Beneficiaries

The project has the following four components:

***Component 1: Strengthening TEVT Regulatory Activities and Capacity Building:*** The component will support for the following actiities:

- Capacity building of Council for Technical Education and Vocational Traiing's (CTEVT) regulatory activities including quality assurance, strengthening of examination systems and Training Management Information System (TMIS);
- Support to strenghtening NSTB including the development of skills testing materials and the introduction of mobile platforms for skills assessment.
- Training of 1500 trainers and 100 master trainers;
- Revision of TSLC and Diploma curricula.

***Component 2: Strengthening Technical Education:***
Under this component the project will provide:

- *Matching grants and performance grants:* Matching grants will be provided to public and community institution in the ration 2:1, and performance grants will be provided to community, public and private institutions. The project will support 30 TSLC and Diploma providers and community colleges, and 8 annex schools. All the institutions supported under the project will be competitively selected using eligibility and selection criteria.
- *Fee subsidy and stipend:* The project will provide fee subsidy and stipends to 4000 targeted students styudying at Diploma and TSLC programs.
- *Support to strengthen institutional management capacity:* The project will provide management support, including knowledge transfer and capacity building, through a management consulting firm to a selected number of institutions.

***Components 3: Supporting Short-Term Vocational Training and Recognition of Prior Learning:*** The project will support for short-term training and recognition of prior learning:

- *Short-term-training:* The project will support for short-term training through both public and private training providers in two modalities: (a) a coucher-based financing mechanism for training in three urban centers for 10,000 trainees, and (b) a results-based financing mechanism for training in 15 to 25 districts as the training venue for 37,500 trainees. Under the project, special emphasis will be put on making short-term training and employment accessible to young women in particular, and also to the disavantaged population groups such as Dalits, disdadvantaged Janajatis and the treinees fro mlagging regions and poor families.
- *Recognition of prior learning:* The project will subsidize skills testing of informally acquired skills. The project will provide NSTB with funds to meet the direct costs of skills testing for a total of 17,000 youth during the project period.

***Component 4: Project Management, Monitoring and Evaluation:*** This component has the following two sub-components:

- *Project Management:* Under the overall guidance from the Ministry of Education (MOE), the Project Secretariat (PS) works as the main implementing agency of the project. MOLT/DOL and CTEVT including National Skill Testing Board (NSTB) and Training Institute for Technical Instruction (TITI), TSLC/iploma level training providing private, public and annex institutions as well as short-term training providers are the main implementing partners of the project. The Coordination Committee (CC) chaired by the Minister for Education provides the overall policy guidelines and the Project Implementation Committee (PIC), chaired by the secretary of MOE, makes various implementation decisions and provides supports for project implementation. The Technical Advisory Committee (TAC) provides support and advice to PS on technical matters. A Technical Team (TT) at the Secretariat will be contracted to provide support to the Secretariat in managing the project and building the necessary capacities of participating institution.
- *Monitoring and Evaluation:* Major activities under this sub-component are as follows: (i) *Regular and periodic monitoring and evaluation of project activities:* The Project Secretariat will establish mechanisms for overall project reporting and ensure that timely, sufficient, and reasonably complete and accurate information on project inputs, outputs and outcomes are collected, analyzed and disseminated.

Experts financed by the project may assist the Project Secretariat in its Monitoring and Evaluation and research activities whenever needed. (ii) *Labour Market Information System (LMIS):* The project will also provide support to Ministry of labor and Transport Management/Department of Labor (MOLT/DOL) for developing a LMIS. (iii) *Support to Studies:* In addition to regular monitoring, evaluation and study, the project will conduct or provide support to conduct tracer studies, impact assessments, and other research activities.

## Results Framework and Monitoring Arrangements

Project Monitoring and Evalution (M & E) will be guided by the Results Framework developed for the project. This framework specifies the indicators that will be monitored, their base-line and target values, frequency of monitoring, sources of data and instruments through which data will be collected. The progress and achievement of project will be monitored and assessed through the following monitoring and evaluation activities: (a) routine monitoring bny the Secretariat, (b) monitoring through regular/periodic reviews, (c) mid-term review, (c) overall project evaluation and implementation completion review in the end of project, and (e) various impact evaluations. Apart from the outcome level indicators, a set of specific, relevant and measurable intermediate outcome indicators will also be monitored. The Secretariat will be aided by its Technical Team to conduct M & E activities and will be out-source specific M & E tasks. To ensure that all entities participating in the project will carry out their designated M & E tasks, orientation and capacity building workshops will be arranged.

## Project Financing

The Project is funded jointly by GON and IDA. Total cost of the project is estimated to be US $ 60.9 million, which includes US $ 50 million from IDA contribution, US $ 5.5 million from GON and US $ 5.4 million from local sources, Disbursement under the component one and three will be sed on the stated results.

## Summary of Major Activities and Targets

| S.No. | Component | Activity | Unit | Target | Progress upto | Unit | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Strengthening TEVT regularoty activities and capacities | Training of assessors | number | 5000 | | | |
| | | Training of skills test managers | number | 350 | | | |
| | | Training of lead and assistant instructors | number | 1500 | | | |
| | | Training of master trainers | number | 100 | | | |
| | | Establishment of a TMIS with the linkages to CTEVT constituent institutions | system | 1 | | | |
| | | Establishment of an online system for affiliation | system | 1 | | | |
| | | Establishment of computerized system for examination recording | system | 1 | | | |
| | | Curriculum revision | no. of program | 20 | | | |
| 2 | Strengthening technical educational and recognition of prior learning | Matching grants and Performance grants | no. of inst | 38 | | | |
| | | Management support | no. of inst | 6 | | | |
| | | Scholarship/stipend to TSLC/Diploma students | no. of student | 4000 | | | |
| 3 | Support to short-term training | voucher support | no. of trainee | 10000 | | | |
| | | Result-based financing | no. of trainee | 37500 | | | |
| | | Skill testing of youths without any formal training | no. persons skill tested | 17000 | | | |
| 4 | Project management and M & E | Project management | system | 1 | | | |
| | | Communication campaigns | number | 8 | | | |
| | | Establishment of LMIS | system | 1 | | | |
| | | Employer surveys, tracer studies, satisfaction survey | number | 8 | | | |
| | | Impact evaluation of short-term training | number | 1 | | | |
| | | Impact evaluation of Management support | number | 1 | | | |

Government of Nepal

Ministry of Education

# Enhanced Vocational Education and Training (EVENT) Project

**Project Secretariat:**
**Subidhanagar, Kathmandu**
**Phone:** 977-1-4117550, 977-1-4111775
**Fax:** 977-1-4111775
**URL:** www.event.gov.np
**E-mail:** info@event.gov.np

## परिचय

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको स्थापना विश्व बैंकको आर्थिक सहयोगमा नेपाल सरकारबाट भएको हो । यो परियोनाले सीपयुक्त र तत्काल बजारमा रोजगार माग भए बमोजिम जनशक्ति आपुर्ति गर्न गुणस्तरीय तालिमको पहुँच विस्तार गरी नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई सुदृढ गर्न सहयोग गर्ने छ । नेपाल सरकार र विश्व बैंकबीच भएको सम्झौताअनुसार यो परियोजनाले अवधि जुलाई २०११ देखि अक्टोबर २०१५ सम्म रहेको छ । परियोजनाले खासगरी सुविधाविहीन युवा समूह जस्तैः गरिब, सुविधाविहीन क्षेत्रमा बसोबास गर्ने समुदाय, महिला, दलित, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति र अपाङ्गता भएका समूहलाई लक्षित गरी समावेशी तरिकाबाट प्राविधिक शिक्षा र व्यावसायिक तालिमको पहुँच वृद्धि गर्ने छ ।

## उद्देश्य

परियोजनाको मुख्य उद्देश्य सीपयुक्त तथा रोजगारउन्मुख जनशक्तिको आपूर्ति बढाउन गुणस्तरीय तालिमको पहुँच वृद्धि गर्नु र नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम पद्धतिलाई सुदृढ बनाउनु रहेको छ ।

## परियोजनाबाट लाभान्वित समूह

परियोजनाबाट करिब ७५,००० युवाहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् । छोटो अवधिको सीपमा आधारित तालिम, प्राविधिक शिक्षा र उनीहरुमा विद्यमान सीप परीक्षणको अवसरबाट यी समूहहरुले लाभ प्राप्त गर्ने छन् । परियोजनाले तोकेको सतमा रही काम गर्ने प्राविधिक प्रवेशिका र डिप्लोमा तहका कार्यक्रम सञ्चालन गर्ने ३८ ओटा संस्थाहरु जोड कोष र कार्य सम्पादनका आधारमा प्रदान गरिने अनुदानबाट लाभान्वित हुनेछन् । परियोजनाले देशभित्र र अन्तर्राष्ट्रिय बजारको मागलाई पूरा गर्न चाहिने सीपयुक्त, उत्पादनशील र रोजगारमूलक जनशक्ति उत्पादन गर्न र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रको क्षमता अभिवृद्धि गर्ने कार्यहरुका लागि प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

## परियोजनाका अवयवहरू

**अवयव १**: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित विद्यमान कार्यक्रमलाई सहयोग पुऱ्याउने र उक्त संस्थामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने । यस अवयवअन्तर्गत निम्नानुसारका कार्यक्रमहरु सञ्चालन हुनेछन् :

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको नियामक कार्यहरु जस्तैः गुणस्तरको सुनिश्चितता, परीक्षामा सुधार र तालिम व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने,
- राष्ट्रिय सीप परीक्षण बोर्डद्वारा सञ्चालित कार्यक्रमहरु अन्तर्गत सीप परीक्षणका लागि चाहिने सामग्रीहरुको विकास गर्ने र सीप परीक्षण गर्ने घुम्ती केन्द्रहरुमा लागि सहयोग गर्ने,
- ५,००० सीप परीक्षक र ३५० नयाँ सीप परीक्षण व्यवस्थापकहरुका लागि तालिम प्रदान गर्ने,
- १५०० प्रशिक्षक र १०० मुख्य प्रशिक्षकका लागि तालिम प्रदान गर्ने,
- प्राविधिक प्रवेशिका र डिप्लोमाको पाठ्यक्रम परिमार्जन गर्ने ।

**अवयव २**: प्राविधिक शिक्षामा सुधारका लागि तालिम प्रदायक संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने । यस अवयवअन्तर्गत निम्नानुसारका कार्यक्रमहरु सञ्चालन हुनेछन् :

- जोड कोड र कार्य सम्पादनका आधारमा दिइने अनुदानः जोड कोष अनुदा न२:१ को अनुपातमा सरकारी र सामुदायिक संस्थाहरुलाई उपलब्ध गराइने छ । कार्य सम्पादन अनुदान भने सरकारी, सामुदायिक संस्थाहरुका साथै प्राइभेट संस्थाहरुलाई समेत उपलब्ध गराइने छ । परियोजनाले प्राविधिक प्रवेशिक्षा र डिप्लोमा तहका कार्यक्रम सञ्चालन गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका आङ्गिक र सम्बन्धन प्राप्त तालिम प्रदायक संस्था तथा सामुदायिक कलेजन समेत ३० ओटा संस्था र ८ ओटा एनेक्स विद्यालयलाई सहयोग गर्ने छ । सहयोग पाउने सबै संस्थाहरुको छनोट प्रतिस्पर्धाबाट निश्चित मापदण्डका आधारमा गरिनेछ ।
- शुल्क सहयोग तथा छात्रवृत्तिः लक्षित समूहका प्राविधिक प्रवेशिका र डिप्लोमा तहमा अध्ययन गर्ने ४,००० विद्यार्थीहरुका लागि शुल्क तथा छात्रवृत्तिका लागि परियोजनाले सहयोग गर्ने छ ।
- संस्थागत क्षमता सुधारमा सहयोगः तालिम प्रदायक संस्थाहरुको व्यवस्थापन क्षमता सुदृढीकरणमा सहयोग पुऱ्याउन छनोट भएका केही संस्थाहरुमा व्यवस्थापन परामर्श सेवामा लागि परियोजनाले आर्थिक सहयोग उपलब्ध गराउने छ । यो सहयोग ज्ञान स्थानान्तरण गर्न र क्षमता अभिवृद्धि गर्नमा समेत प्रयोग गरिने छ ।

**अवयव ३**: छोटो अवधिको व्यावसायिक तालिम र पूर्व सिकाइ प्रमाणिकरणमा सहयोग । परियोजनाले छोटो अवधिको व्यावसायिक तालिम र थप सिकाइ पहिचानमा निम्नानुसार सहयोग गर्ने छ :

- छोटो अवधिको तालिमः परियोजनाले सामुदायिक तथा प्राइभेट तालिम प्रदायक संस्थामार्फत् छोटो अवधिको तालिम प्रदान गर्न सहयोग गर्ने छ । यो तालिम कार्यक्रम दुई प्रकारका सहयोगबाट सञ्चालित हुनेछ :

क) १०,००० सहभागीका लागि काठमाडौं, ललितपुर र भक्तपुरका सहरी क्षेत्रमा केन्द्रित गरी सञ्चालन गरिने भौचर प्रणालीमा आधारित आर्थिक सहयोग र ख) बढीमा २५ जिल्लामा सञ्चालन हुने गरी नेपालभरबाट ३७,५०० जना सहभागी हुने गरी सञ्चालन हुने नतिजामा आधारित तालिमका लागि आर्थिक सहयोग । यो परियोजनाले खासगरी महिलाहरु, दलित, सीमान्तकृत जनजाति, पछाडि परेको क्षेत्र र गरिबहरुका लागि लक्ष्यित गरी रोजगारी पाउन सकिने छोटो अवधिको तालिम सञ्चालनमा जोड दिने छ ।

- पूर्व सिकाइ प्रमाणिकरणमा सहयोगः परियोजनाले अनौपचारिक किसिमले प्राप्त गरेका सीपहरुको परीक्षण गर्नमा सहयोग पुऱ्याउने छ । परियोजनाले १७,००० व्यक्तिहरुको राष्ट्रिय सीप परीक्षण बोर्डमार्फत सीप परीक्षण गर्नका लागि आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**अवयव ४**: परियोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

यो अवयवअन्तर्गत निम्नानुसार दुई उप अवयवहरु रहेका छन्:

- परियोजना व्यवस्थापनः शिक्षा मन्त्रालयको निर्देशनमा रही परियोजना सचिवालयले कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवारी बहन गर्नेछ । श्रम तथा यातायात व्यवस्था मन्त्रालय/श्रम विभाग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, प्राविधिक प्रवेशिका र डिप्लोमा प्रदान गर्ने तालिम प्रदायक सरकारी, सामुदायिक, प्राइभेट र एनेक्स संस्थाहरुका साथै छोटो अवधिको तालिम प्रदान गर्ने संस्थाहरु परियोजना कार्यान्वयन गर्ने संस्था हुनेछ ।

शिक्षा मन्त्रीको अध्यक्षतामा रहने परियोजना समन्वय समितिको नीतिगत निर्देशनभित्र रही परियोजनाले काम गर्ने छ । शिक्षा सचिवको अध्यक्षतामा रहने परियोजना कार्यान्वयन समितिले कार्यक्रम कार्यान्वयनको निर्णय लिनुका साथै परियोजनाको कार्यान्वयनमा सहयोग गर्ने छ । प्राविधिक सल्लाहकार समितिले परियोजना सचिवालयमा रहेको प्राविधिक पक्षमा सल्लाह उपलब्ध गराउने छ । सचिवलायमा रहेको प्राविधिक टोलीले परियोजनाको व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउनका साथै कार्यक्रम कार्यान्वयन गर्ने संस्थाहरुको क्षमता अभिवृद्धिमा सघाउने छ ।

- अनुगमन तथा मूल्याङ्कनः यस उप-अवयवभित्रका मुख्य मुख्य क्रियाकलापहरु निम्नअनुसार रहेका छन्:

(१) परियोजनाका क्रियाकलापहरुको नियमित तथा आवधिक अनुगमत तथा मूल्याङ्कनः यस कार्यका लागि परियोजना सचिवालयले परियोजनाले गरेको लगानी र प्रतिफल (सङ्ख्यात्मक र गुणात्मक

दुवै) बारेको प्रतिवेदन तोकिएको समयभित्र सत्य र पूर्ण रुपमा सङ्कलन गरी सोको विश्लेषणका साथ सम्बन्धित सरोकारवालाहरुलाई सूचना प्रवाह गर्नका लागि संयन्त्रको स्थापना गर्ने छ । आवश्यकताअनुसार परियोजनाबाट नियुक्त विशेषज्ञहरुले अनुगमन, मूल्याङ्कन तथा अध्ययन कार्यमा सघाउन सक्नेछन् ।

(२) श्रम बजारसूचना प्रणाली स्थापना: परियोजनाले श्रम तथा यातायात व्यवस्था मन्त्रालय/श्रम विभागका श्रम बजार सूचना प्रणाली स्थापना र विकास गर्न सघाउने छ ।

(३) अध्ययनमा सहयोग: नियमित अनुगमन, मूल्याङ्कन र अध्ययनको अतिरिक्त परियोजनाले छोटा/द्रुत अध्ययन, प्रभावको लेखाजोखा र अन्य प्रकारका अध्ययन अनुसन्धानमा सघाउने छ ।

## अपेक्षित नतिजा र अनुगमनको व्यवस्था

परियोजनाको अनुगमन तथा मूल्याङ्कन लक्षित नतिजाको आधारमा गरिने छ । निर्धारित सूचकहरुका आधारमा परियोजना लागू हुनु पूर्वको अवस्था, परियोजनाले किटान गरेको लक्ष्य, प्राप्त प्रतिफल आदिको अनुगमन गरिने छ । परियोजनाको प्रगतिको अनुगमन तथा मूल्याङ्कन गरिने नियमित अनुगमन, (ख) नियमित र आवधिक प्रगति समीक्षा (ग) मध्यावधि प्रगति समीक्षा, (घ) परियोजनाको अन्तिममा गरिने समग्र प्रगति समीक्षा र (ङ) प्रभाव मूल्याङ्कन । उपलब्धी तहको सूचकका अतिरिक्त कार्यक्रम सञ्चालनको बीचबीचमा विशेष, सान्दर्भिक र मापन गर्न सकिने सूचकको सेट तयार पारी अनुगमन गरिने छ । सचिवालयको अनुगमन क्षमता अभिवृद्धि गर्ने कार्यमा यस अन्तर्गत रहेको प्राविधिक टोलीले सहयोग गर्ने छ । यसका लागि आवश्यकताअनुसार विशेषज्ञहरुको समेत सेवा लिइने छ ।

## परियोजनाको वित्तीय व्यवस्था

परियोजनाको आर्थिक दायित्व नेपाल सरकार र अन्तर्राष्ट्रिय विकास संस्था विश्व बैंकबाट बेहोरिने छ । यो परियोजनाका लागि करिब ६ करोड ९ लाख अमेरिकी डलर खर्च लाग्ने अनुमान गरिएको छ । जसमध्ये ५ करोड डलर विश्व बैंकले उपलब्ध गराउने छ भने ५५ लाख डलर नेपाल सरकार र ५४ लाख डलर स्थानीय स्रोतबाट जुटाइने छ । अवयव १ अन्तर्गत गरिने खर्च नतिजामा आधारमा हुनेछ । तोकिएको लक्ष पूरा भएको प्रतिवेदनका आधारमा निकासा प्राप्त हुनेछ । यसैगरी अवयव ३ मा उल्लिखित छोटो अवधिको तालिमका लागि पनि तोकिएअनुसार नतिजामा आधारित निकासा प्रणाली कायम हुनेछ ।

## परियोजनाका मुख्य मुख्य क्रियाकलाप र लक्ष्य

| क्र.सं. | अवयव | क्रियाकलाप | एकाई | लक्ष्य | एकाई | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित विद्यमान नियामक व्यवस्था तथा क्षमताको सुदृढिकरण | सीप परीक्षक तालिम | सङ्ख्या | ५,००० | | | |
| | | सीप परीक्षण व्यवस्थापक तालिम | सङ्ख्या | ३५० | | | |
| | | प्रशिक्षक र सहायक प्रशिक्षकका लागि तालिम | सङ्ख्या | १,५०० | | | |
| | | मुख्य प्रशिक्षक तालिम | सङ्ख्या | १०० | | | |
| | | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग आवद्ध | प्रणाली | १ | | | |
| | | संस्थाहरुमा तालिम व्यवस्थापन सूचना प्रणालीको स्थापना | | | | | |
| | | सम्बन्धनको अनलाइन प्रणालीको स्थापना | प्रणाली | १ | | | |
| | | कम्प्युटर प्रणालीमार्फत परीक्षा अभिलेख व्यवस्था | प्रणाली | १ | | | |
| | | पाठ्यक्रम परिमार्जन | कार्यक्रम | २० | | | |
| २. | प्राविधिक शिक्षामा सुधार | जोड कोष अनुदान तथा कार्य सम्पादन अनुदान | संस्था | ३८ | | | |
| | | व्यवस्थापनमा सहयोग | संस्था | ६ | | | |
| | | प्राविधिक प्रवेशिका र डिप्लोमाका लागि छात्रवृत्ति | विद्यार्थी | ४,००० | | | |
| ३. | छोटो अवधिको व्यावसायिक तालिम र पूर्व सिकाइ पहिचानमा सहयोग | भौचरमा आधारित तालिमका लागि सहयोग | सहभागी सङ्ख्या | १०,००० | | | |
| | | नतिजामा आधारित तालिमका लागि सहयोग | सहभागी सङ्ख्या | ३७,५०० | | | |
| | | अनौपचारिक तरिकाबाट प्राप्त सीप परीक्षण | सीप परीक्षण गर्नेको सङ्ख्या | १७,००० | | | |
| ४. | परियोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन | परियोजना व्यवस्थापन | प्रणाली | १ | | | |
| | | सञ्चार अभियान | सङ्ख्या | ८ | | | |
| | | श्रम बजार सूचना प्रणालीको स्थापना | प्रणाली | १ | | | |
| | | रोजगारदाता सर्भे, छोटो अध्ययन र कार्य सन्तुष्टि सर्भे | सङ्ख्या | ८ | | | |
| | | छोटो अवधिको तालिमको प्रभाव अध्ययन | सङ्ख्या | १ | | | |
| | | व्यवस्थापन सहयोगको प्रभाव अध्ययन | सङ्ख्या | १ | | | |

नेपाल सरकार

# शिक्षा मन्त्रालय

# व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि (EVENT) परियोजना

**परियोजना सचिवालय:**
**सुविधानगर, काठमाडौं**
फोन: ९७७-१-४११७५५०, ९७७-१-४१११७७५
फ्याक्स: ९७७-१-४१११७७५
वेवसाइट: www.event.gov.np
ईमेल: info@event.gov.np